# विराटनगर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

फोन नं. : ९७७-२१-५७७३८८
५१४०७०, ५१३५२५
टोल फ्रि : १६६०२१४२२२२


प.सं.२०८३/८४ (प्रशासन)
च.नं.

## भू-उपयोग क्षेत्र वर्गीकरण तथा कित्तागत विवरण उपर दाबी/विरोध र संशोधन सम्बन्धी सार्वजनिक सूचना।

(दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/०६)

भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ अनुसार विराटनगर महानगरपालिका भू-उपयोग परिषद्ले तोकेको मापदण्ड बमोजिम विराटनगर महानगरपालिका वडा नं. १ देखि वडा नं. १९ सम्मको भू-उपयोग क्षेत्र वर्गीकरणको प्रारम्भिक मस्यौदा प्रतिवेदनमा उल्लिखित कित्तागत विवरण अनुसार वर्गीकरण गरिएका कित्ताहरू उपर कुनै गुनासो वा वर्गीकरण क्षेत्र परिवर्तन हुनुपर्ने भएमा तोकिएको मापदण्डको आधारमा वर्गीकरण गर्नुपर्ने तपसिल बमोजिमका कागजातहरू सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्बन्धित वडा कार्यालय मार्फत निवेदन पेश गर्नुहुन भू-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ को दफा २८ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। साथै थप जानकारीको लागि विराटनगर महानगरपालिकाको Website मार्फत विवरण हेर्न तथा भूमि शाखा वा सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

तपसिलः
निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू
क. जग्गाधनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपि,
ख. जग्गाधनी पुर्जामा भएको कित्ता नं. देखिने गरी नापी नक्सा,
ग. सम्बन्धित वडाको सिफारिस।

विराटनगर महानगरपालिका